नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ | स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३३ | अंक ३२ | २०८० साल भदौ ८ गते शुक्रबार (25 Aug. 2023 Friday) | मूल्य रु. ५/-




**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : बढ्दो छ फरक प्राकृतिका.. ३ पृष्ठमा : अर्थतन्त्र सुधारका लागि सरकार ... ३ पृष्ठमा वाग्नर प्रमुखसहित दश...

# झोला काटेर रकम लुटिएपछि बृद्धाको बिचल्ली

**दैनिक समाचारदाता**
**राजविराज, ७ भदौं ।**

सप्तरीमा बिहीबार झोला काटेर एक बृद्धाको रकम लुटिएको छ । श्रीमान्‌को उपचार तथा नाती नातिनीको विद्यालय शुल्क तिर्नका लागि उनले बैंकबाट ऋण लिएकी थिइन् ।

जिल्लाको कंचनरुप नगरपालिका ११ ठेलियाकी ६५ वर्षिया मंगलीदेवी चौधरीको १ लाख ९० हजार रुँपैया लुटिएको पीडितका श्रीमान् बसन्त चौधरीले बताए ।

श्रीमान्‌को उपचार तथा नाती नातिनीको बाँकी बक्यौता विद्यालय शुल्क बुझाउनका लागि उनले बिहीबार कंचनरुप नगरपालिकास्थित मेरो माइक्रो फाइनान्स बित्तिय संस्था लिमिटेडमा जग्गा धितो राखेर उक्त ऋण निकालेकी थिइन् ।

सो रकम झोलामा राखी उनी काम विशेषले



सदरमुकाम राजविराज पुग्न विष्णु ट्राभल्स नामक बसमा चढेकी थिइन् । बृद्धा चौधरीका अनुसार बित्तिय संस्थाबाट रकम लिएर बसमा चढ्दासम्म अपरिचित दुई/तीन जनाले पच्छ्याएका थिए ।

बीच बाटोमै आफूलाई थाहै नहुने गरि झोला काटेर सो रकम निकालेर लगेको उनले प्रहरी समक्ष रुदै सुनाइन् । आफू रुपनी चौकमा बसबाट ओर्लिएपछि झोला चेक गर्दा मात्र रकम लुटिएको थाहा पाएको उनले सुनाइन् ।

उनी त्यही रित्तो झोला बोकेर बिहीबारै साँझ जिल्ला प्रहरी कार्यालय पुगेर भावुक हुँदै प्रहरी अधिकारीहरुलाई रकम पत्ता लागाई दिन गुहारेकी छिन् । बृद्धाको बयानको आधारमा अपराधी पत्ता लगाउने काम सुरु गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# सर्वोच्चद्वारा कोशीका मुख्यमन्त्रीलाई १५ गतेसम्म काम चलाऊ सरकारका रुपमा काम गर्न आदेश



**दैनिक समाचारदाता**
**काठमाडौं, ७ भदौ ।**

सर्वोच्च अदालतले कोशी प्रदेशका मुख्यमन्त्री उद्धव थापाले पाएको बिश्वासको मतलाई मान्यता दिन अस्वीकार गरेको छ ।

बिहीबार सर्वोच्च अदालतका न्यायाधीश ईश्वरप्रसाद खतिवडाको एकल इजलासले मुख्यमन्त्री थापाले पाएको बिश्वासको मतलाई मान्यता दिन अस्वीकार गरेको हो ।

सोमबार प्रदेश सभामा विश्वासको मत लिंदा थापालाई सभाको अध्यक्षता गरेका व्यक्तिसमेतले बिश्वासको मत दिएपछि नेकपा एमाले कोशी प्रदेश संसदीय दलका नेता हिक्मत कार्कीले सर्वोच्च अदालतमा बुधबार रिट निवेदन दर्ता गरेका थिए ।

उक्त रिटमा सर्वोच्चले सुनुवाइ गर्दै मुख्यमन्त्री थापालाई १५ गतेसम्म काम चलाऊ सरकारका रुपमा काम गर्न आदेश दिएको छ ।

अदालतको आदेशमा भनिएको छ, 'नेपालको संविधानको धारा १८६ बमोजिम प्रदेश सभामा निर्णयका लागि प्रस्तुत गरिएको जुनसुकै प्रस्ताव निर्णय गर्दा मत बराबर भएको अवस्थामा बाहेक अध्यक्षता गर्ने व्यक्तिलाई मत दिने अधिकार हुने देखिंदैन । बिवादित मत दिइएको सन्दर्भमा मत बराबर भएको भन्ने देखिएन । यस अवस्थामा कूल ९३ जना प्रदेश सभा सदस्यहरू रहेको प्रदेश सभाका बहुमत सदस्य ४७ जनाको विश्वासको मत प्राप्त गरेको भनी अध्यक्षता गर्ने सदस्यले दिएको मत समेत गणना गरी श्री उद्धव थापाले विश्वासको मत प्राप्त गर्नु भएको भनी घोषणा गरिएको कार्य नेपालको संविधानको धारा १६८(२) र (४) तथा धारा १८६, संसदीय अभ्यास, संवैधानिक नैतिकता लगायत यस अदालतबाट प्रतिपादित सिद्धान्त समेतको प्रतिकूल रहेको देखिन आयो । अतः माननीय मुख्यमन्त्री श्री उद्धव थापाले संविधानसम्मत् रुपमा बिश्वासको मत प्राप्त गरेको भनी मान्न मिल्ने अवस्था नदेखिएकाले निजको नेतृत्वमा गठित प्रदेश सरकारबाट प्रस्तुत निवेदन उपरको सुनुवाइ टुंगो नलागेसम्म दीर्घकालीन असर पर्ने प्रकृतिका साथै नीतिगत प्रकृतिका निर्णय नगर्नु, नगराउनु भनी सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९ बमोजिम प्रत्यर्थीका नाउँमा अन्तरिम आदेश जारी गरिएको छ ।'

सर्वोच्चले कोशी प्रदेश सरकारबिरुद्धको मुद्दालाई अग्राधिकार दिएर भदौ १५ गते पूर्ण सुनुवाइका लागि पेशी तोकेको छ ।

# तीर्थयात्री बोकेको बस दुर्घटना हुँदा ७ जनाको मृत्यु

**दैनिक समाचारदाता**
**बारा, ७ भदौ ।**

काठमाडौंबाट जनकपुरतर्फ जाँदै गरेको मधेस प्रदेश-०३-००१ ख ७९९४ नम्बरको बस बिहीबार बरामा दुर्घटना हुँदा ७ जनाको मृत्यु भएको छ ।

सो बसमा तीर्थयात्री सबार थिए । बस बिहान २ बजे बाराको जितपुर सिमरा उपमहानगरपालिका-२२ पूर्वपश्चिम लोकराजमार्गको चुरियामाई नजिक दुर्घटना भएको हो ।

मृत्यु हुनेमा महोत्तरीको लोहारपट्टीका ४१ वर्षीय बिजयलाल पण्डित तथा भारतको राजस्थानका ६७ वर्षीय बहादुर सिंह र ६५ वर्षीया मीरादेवी सिंह रहेका डिएसपी न्यौपाने रहेको प्रहरीले जनाएको छ । अन्य चार जनाको सनाखत हुन बाँकी छ ।

दुर्घटनामा तीन नेपाली तथा १४ भारतीय नागरिक घाइते भएका छन् । उनीहरू पशुपतिनाथको दर्शन गरी फर्किंदै थिए ।

# कटुवा पेस्तोल फेला

**दैनिक समाचारदाता**
**बारा, ७ भदौ ।**

बारा जिल्लाको सिम्रौनगढ नगरपालिका ७ मा एक थान कटुवा पेस्तोल फेला परेको छ ।

स्थानिय बालबालिकाहरुले धानको खेतको घाँस काट्ने क्रममा मंगलबार सो हतियार फेला परेको प्रहरीले जनाएको छ ।

हतियार फेला परेपछि स्थानीयले प्रहरीलाई खबर गरे पश्चात् सो हतियार ईलाका प्रहरी कार्यालय सिम्रौनगढ बारामा ल्याई थप अनुसन्धान कार्य भईरहेको मधेश प्रदेश प्रहरी जनकपुरधामले जनाएको छ ।

# बसले ठक्कर दिँदा मोटरसाइकल चालकको मृत्यु

जलेश्वर, ७ भदौ (रासस) ।

महोत्तरीको जलेश्वर-जनकपुर सडकखण्डको परिकौली चौकमा बिहीबार बिहान साढे ११ बजे सवारी दुर्घटना हुँदा एकको मृत्यु भएको छ ।

जनकपुरको मिथिला इन्स्टिच्युट अफ टेक्नोलोजी (मिट) क्याम्पसबाट विद्यार्थी बोकेर जलेश्वर आउँदै गरेको बा २ ख १५३६ नं को बसले जलेश्वर नगरपालिका- ९ स्थित परिकौली चौकमा ज८प ९२६७ नम्बरको मोटरसाइकललाई ठक्कर दिँदा मोटरसाइकल चालक जलेश्वर नगरपालका- ९ परिकौलीका ३५ वर्षीय सन्तोष यादवको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रवक्ता प्रहरी नायब उपरीक्षक दिलीपकुमार गिरीले बताउनुभयो ।

लोकसेवा आयोग जलेश्वरमा कार्यालय सहयोगी भई काम गर्दै आएका यादव कार्यालयको कामले जनकपुर जाँदै गर्दा दुर्घटनामा परेको प्रहरीको भनाइ छ । बसको ठक्करबाट गम्भीर घाइते भएका यादवलाई उपचारका लागि प्रादेशिक अस्पताल जलेश्वरमा पुर्‍याएको थियो । अस्पताल पुग्ने बित्तिकै चिकित्सकले उनलाई मृत घोषणा गरेका थिए ।

यादवको शव परीक्षणका लागि प्रादेशिक अस्पताल जलेश्वरमै राखिएको छ । ठक्कर दिने बस र मोटरसाइकललाई प्रहरीको नियन्त्रणमा लिएको छ भने बसका चालक फरार रहेको प्रहरीले जनाएको छ ।

- आत्महत्या कुनैपनि समस्याको समाधान होइन,
- कुनैपनि समस्या र चुनौतीबाट नभागौं, डटेर सामना गरौं,
- सकारात्मक सोचको विकास गरौं, आशावादी बनौं,
- घर परिवार र आफूमा आश्रित सदस्यको भविष्यमाथी विचार पुर्‍याऔं,
- आत्मविश्वास बढाऔं, समस्याको उचित समाधान पहिल्याउँ ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### कर्मचारी र शिक्षकको अभाव

अहिले सप्तरीका विभिन्न सरकारी कार्यालयहरुमा कर्मचारीको अभावले दैनिक कामकाज प्रभावित बन्ने गरेको छ । त्यस्तै विद्यालयहरुमा शिक्षकको अभावले गर्दा पढाई पनि प्रभावित हुने गरेको छ । कर्मचारीको पदपूर्ती हुन नसक्दा कामकाजमा निकै कठिनाई हुने गरेको छ । सप्तरीको सन्दर्भमा सरकारी कार्यालयहरुको मुख्य कार्यालय भनिने जिल्ला प्रशासन कार्यालयमै कर्मचारीको अभाव रहेको छ । सेवाग्राहीहरुको बढी चाप हुने यस कार्यालयमा कर्मचारी अभाव हुँदा सेवा नै प्रभावित हुने गरेको छ । यस्तै यस बाहेक बढी सेवाग्राहीको चाप हुने घरेलु, मालपोत, अस्पताल लगायतका कार्यालयहरुमा कर्मचारी अभावकै कारण सेवा प्रवाहमा ढिलाई भइरहेको छ ।

यस्तै जिल्लाका अधिकांश विद्यालयहरुमा शिक्षकको अभाव देखिएको छ । कतिपय विद्यालयहरुमा विद्यार्थी भन्दा बढी शिक्षक नै रहेका छन् । सरकारको शिक्षा नीतिमा सुधार ल्याउने प्रयास हुँदा पनि यस्ता समस्याले शिक्षा क्षेत्रमा निकै प्रभाव पारिरहेको छ । यसका लागि स्थानिय पालिका समेतले खासै ध्यान दिएको देखिदैन । मात्र नामको विद्यालय र शिक्षकहरु आफ्नो समयमा नआउने प्रवृति समेत बढेर गएको छ । यस्ता विकृतीहरुलाई समाधान गर्नेतर्फ कसैको पहल देखिदैन ।

तसर्थ कर्मचारी र शिक्षक अभावलाई हटाउन तीनै तहका सरकारको गम्भिर ध्यानाकर्षण हुनु जरुरी छ । कर्मचारी र शिक्षक अभाव रहेका कार्यालय तथा विद्यालयहरुमा अनुगमन गरेर संख्यात्मक रुपमा यकिन गरि त्यसको पदपूर्तीका लागि सम्बन्धित निकायले अग्रसरता देखाउनु आवश्यक छ ।

# बढ्दो छ फरक प्राकृतिका विपद्

काठमाडौं, ७ भदौ (रासस) ।

नेपालमा पछिल्ला केही वर्षका घटनालाई मध्यनजर गर्ने हो भने फरक प्रकृतिका विपद् बढिरहेको देखिएको छ । यस क्षेत्रका विज्ञले पनि कल्पनै नगरेका विपद्जन्य घटनाले जनजीवन प्रभावित भइरहेको बताएका छन् । यस्ता घटना जलवायु परिवर्तनको असरका कारण भएको उहाँहरुको भनाइ छ ।

जलवायु परिवर्तन विज्ञ डमिन्द्र दाहालको भनाइमा पनि जलवायु परिवर्तनका कारण मौसम अदलीबदली डरलाग्दो हिसाबले भइरहेको छ । यसपाली कुनै एक ठाउँमा ठूलो पानी परेर तहसनहस बनाएका बेला अर्को ठाउँमा सुख्खा लागिरहेको छ ।

पानीको अभावमा यसपाली राम्ररी धान रोपाइँसमेत हुन सकेन । तर कुनै ठाउँमा वर्षाले ठूलो धनजनको क्षति भइरहेको छ । बजार, पुलपुलेसा नै बगाउने गरी बाढी र पहिरोका घटना निम्तिरहेका छन् ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत अनिल पोखरेल भेल बाढी कल्पनाभन्दा बाहिरका घटना बढ्दो क्रममा रहेको र यसले ठूलो क्षति पुऱ्याइरहेको बताउनुहुन्छ । तर विपद्जन्य घटनाको प्रकृति भने फेरिएको उहाँले बताउनुभयो ।

त्यसको उदाहरणकैरुपमा भन्नुपर्दा केही वर्ष अघि आएको हेलम्बुको बाढी होस् या यसपालीको मनसुनको सुरुआतमा पूर्वी नेपालको हेवा खोलामा आएको बाढी वा अहिले भर्खरै मात्रै मुस्ताङको कागखोलामा आएको बाढी, यी फरक प्रकृतिका विपद्जन्य घटना हुन् । यी घटनाले माथिल्लो भेग अर्थात् हिमाली क्षेत्रमा पनि वर्षा बढेको देखाएको छ । कतिपय अवस्थामा पहाड खसेर बाढीमा मिसिएका कारण बाढीको रुप कम्पनाभन्दा माथि देखिएको छ ।

पहिलेपहिले बाढीले तराईमा बढी क्षति गराउँथ्यो । तर अहिले पहाडी तथा हिमाली भेगमा समेत बाढीले तहसनहस बनाइरहेको छ । तराईको डुबानको समस्या भने क्रमशः घटिरहेको छ । प्राधिकरणका कार्यकारी प्रमुख पोखरेल जलवायु परिवर्तनको असरले नै अकल्पनीय घटना भइरहेको बताउनुहुन्छ ।

दश दिनअघि मुस्ताङको कागखोलामा भिषण बाढी आयो । त्यसले एक अर्बको आर्थिक क्षति गराएको छ । २५ भन्दाबढी घरमा क्षति भएको छ । पूर्वसूचनाका कारण भने त्यहाँ मानवीय क्षति हुन पाएन । तर भौतिक क्षति भने रोक्न सकिएन । अझ भनौं नसोचेको भौतिक क्षति भएको छ ।

यसपालीको मनसुन सुरु भएको दिन जेठ ३१ लगत्तै पूर्वी नेपालको सङ्खुवासभा, इलाम, पाँचथर, ताप्लेजुङमा भिषण वर्षा भयो । उक्त घटनामा छ जनाको मृत्यु भयो भने २५ जना बेपत्ता नै छन् । ठूलाठूला जलविद्युत् आयोजना, सडक पक्कली पुल नै बाढीले बगाइदियो ।

दुई वर्षअघि २०७८ सालमा मनाङमा पनि त्यसैगरी बाढीले ठूलो क्षति गरायो । मनाङ, मुस्ताङ र मेलम्चीको विपद्जन्य घटना विश्लेषण गर्ने हो भने हिमाली क्षेत्रमा वर्षा भएर ठूलो क्षतिका घटना बढिरहेको छ । पहाडी क्षेत्रमा पनि त्यसैगरी तहसनहस बनाइरहेको छ ।

यस्ता गाउँ र सहर नै सोहोरेर लैजाने खालका विपद्जन्य घटना बढिरहेको पाइएको छ । यस्ता घटना जलवायु परिवर्तनका कारण भएको भन्दै पोखरेलले अब ती घटनाबारे विश्व समुदायलाई समेत जानकारी गराउने बेला आइसकेको बताउनुहुन्छ ।

वैशाख १ यता मात्रै दुई हजार पाँच सयभन्दा बढी विपद्का घटना भइसकेका छन् । ती घटनामा एक सय ५१ जनको मृत्यु र ३० जना बेपत्ता छन् । अधिकांश क्षति भने मनसुनका समयमा भएको प्राधिकरणका उपसचिव ध्रुवबहादुर खड्का बताउनुहुन्छ । मौसमको पूर्वसूचना प्रणाली प्रभावकारी भए पनि क्षति रोक्ने प्रणाली भने प्रभावकारी देखिएको छैन ।

यस्ता घटना हुनै नदिनका लागि के गर्न सकिन्छ भन्ने विषयमा ध्यान केन्द्रित गर्नुपर्ने बेला आएको छ । यसका साथै प्रभावमा आधारित सूचना प्रणालीलाई अझै प्रभावकारी बनाउन जरुरी रहेको छ । जल तथा मौसम विज्ञान विभागले यसपाली औसतभन्दा कम पानी पर्ने आँकलन सार्वजनिक गरेको थियो ।

पानी कम परे पनि कुनै एक ठाउँमा एकैपटक धेरै पानी पर्ने अवस्था भने कायमै हुने विभागले बताएको थियो । सोही अनुमान झैं निश्चित क्षेत्रमा बढीमात्रामा वर्षा भएर यसपाली क्षति गराएको छ । यसले पनि फरक खालका विपद्जन्य घटना निम्तिरहेको देखाउँछ ।

# आर्थिक अपराधका घटनामा वृद्धि

काठमाडौं, ७ भदौ (रासस) ।

पछिल्लो समय अपराधका स्वरूप बदलिन थालेका छन् । अन्य अपराधका घटनाका तुलनामा आर्थिक अपराधको सङ्ख्या बढी रहेको प्रहरीको तथ्याङ्क छ । वैदेशिक रोजगारीमा पठाउने भन्दै ठगी गर्ने, रकम नभएको बैंक खाताको चेक दिने, बैंक खाता 'ह्याक' गरी अनधिकृतरूपमा रकम चोरी गर्नेलगायत आर्थिक अपराधका घटना प्रहरीमा दर्ता भएका छन् ।

जिल्ला प्रहरी परिसर काठमाडौंमा पछिल्लो सात महिनामा दर्ता भएकामध्ये आर्थिक अपराधसँग जोडिएका मुद्दा ५० प्रतिशत बढी छन् । सो अवधिमा आर्थिक अपराध (बैंकिङ कसुर) का मात्रै चार हजार सात सय २३ उजुरी दर्ता भएका छन् । गत माघदेखि गत साउन मसान्तसम्म परिसरमा कूल आठ हजार नौ सय २३ मुद्दा दर्ता भएका छन् ।

जिल्ला प्रहरी परिसर टेकुमा बिहीबार आयोजित पत्रकार सम्मेलनमा प्रहरी वरिष्ठ उपरीक्षक दानबहादुर कार्कीले अन्य घटनाको तुलनामा आर्थिक अपराधका घटनामा वृद्धि भएको बताउनुभयो । प्रहरीले सो अवधिमा बैङ्किङ कसुरमा सात सय २१ जनालाई पक्राउ गरेको छ । उहाँले आर्थिक अपराधका घटना हुन नदिन नागरिक स्वयं सचेत हुनुपर्नेमा जोड दिँदै आर्थिक अपराध कमी गर्न जनचेतना आवश्यक रहेको बताउनुभयो ।

सो अवधिमा अभद्र व्यवहारसम्बन्धी एक हजार नौ सय १७, चोरी चार सय २४, ठगी दुई सय ४३, लागुऔषध दुई सय २२, आत्महत्या दुई सय ४८, महिला तथा बालबालिका दुई सय २४, सवारी ज्यान तथा अङ्गभङ्ग एक सय १५, कर्तव्य ज्यान १३ र अन्य अपराधका सात सय ९४ घटना दर्ता भएको जिल्ला प्रहरी परिसर काठमाडौंका जानकारी दिनुभयो ।

परिसरमा माघदेखि साउनसम्म तीन सय ३२ घटनामा रु पाँच करोड ४१ लाख ६९ हजार सात सय ३२ बराबरको ठगी भएको निवेदन परेको छ । पार्सल तथा डलर पठाई करबापतको रकम जम्मा गर्न लगाउने, वैदेशिक रोजगारीमा पठाइदिने भन्दै ठगी गर्ने, बैंक खातामा अनधिकृत पहुँच पुऱ्याई रकम चोरी गर्ने, अनलाइनमा सामान तथा सेवा खरिदबिक्री, सामाजिक सञ्जालमा पहुँच पुऱ्याई ठगी, चिट्ठा परेको भन्दै सर्वसाधारणलाई ठगी गर्दै आएको प्रहरीले जनाएको छ ।

**फैसला कार्यान्वयनमा उल्लेख्य प्रगति**

वरिष्ठ प्रहरी उपरीक्षक कार्कीले फैसला कार्यान्वयनमा उल्लेख्य प्रगति हासिल गरेको बताउनुभयो । आफूले परिसरको नेतृत्व गरेसँगै फैसला कार्यान्वयनलाई पनि उच्च महत्त्व दिएको उहाँको भनाइ छ । परिसरले सात महिनाको अवधिमा फैसला कार्यान्वयनका क्रममा एक हजार सात सय ९८ जनालाई पक्राउ र रु १२ करोड ५५ लाख २१ हजार एक सय ४७ जरिवाना असुल गरेको छ ।

उहाँले भन्नुभयो, "अब फैसला कार्यान्वयनको क्रम बढ्नुपर्छ, फैसला कार्यान्वयनका क्रममा प्रहरी नागरिकको घरदैलोमा पुग्ने हुँदा शान्ति सुरक्षा कायम हुनाका साथै जनविश्वास पनि बढ्नेछ ।" प्रहरी वरिष्ठ उपरीक्षक कार्कीले संविधान, कानून, गृह मन्त्रालय, प्रहरी प्रधान कार्यालयको निर्देशनमा सम्पूर्ण प्रहरी कर्मचारीको सहयोगमा कार्यसम्पादन गरिएको बताउनुभयो ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics
(BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# अर्थतन्त्र सुधारका लागि सरकार निजी क्षेत्र सहकार्य आवश्यक : राष्ट्रपति पौडेल

काठमाडौं, ७ भदौ (रासस)।

राष्ट्रपति रामचन्द्र पौडेलले अर्थतन्त्रमा निजी क्षेत्रको सहभागिता उत्साहजनकरूपमा भएमात्र देशको आर्थिक विकास सम्भव हुने धारणा व्यक्त गर्नुभएको छ।

नेपाल उद्योग वाणिज्य महासङ्घको कार्यकारिणी समितिसँगको भेटमा राष्ट्रपति पौडेलले विद्यमान आर्थिक अवस्थाका सुधारका लागि सरकार र निजी क्षेत्रको सहकार्य आवश्यक रहेको बताउनुभएको महासङ्घद्वारा जारी विज्ञप्तिमा जनाइएको छ।

विज्ञप्तिमा उहाँले यही तथ्यलाई ध्यानमा राखेर सरकार र निजी क्षेत्रबीच पारस्परिक सहअस्तित्व र समभावको दरिलो साझेदारी आवश्यक रहेको बताउनुभएको उल्लेख छ।

नेपालको अर्थव्यवस्थामा निजी क्षेत्रको ८० प्रतिशतभन्दा बढी हिस्सा रहेको भन्दै उहाँले अर्थतन्त्रमा देखिएको समस्याले अहिले आर्थिक गतिविधिलाई सुस्त बनाएको धारणा राख्नुभयो।

राष्ट्रपति पौडेल उद्योगी व्यवसायीहरूले अहिले असजिलो परिस्थितिको सामना गरिरहनुपरेको यथार्थबारे आफु अनभिज्ञ नरहेको स्पष्ट पार्नुभयो।

"रोजगारी सृजना हुन नसक्नु, विप्रेषणमा निर्भरता बढ्दै जानु, निर्यात घट्दै जानु, नीतिगत सुधार र सामन्जस्यता नहुँदा आन्तरिक तथा विदेशी लगानी बढ्न नसक्नु, सेवा प्रवाहमा बेला बेलामा विघ्न बाधा देखा पर्ने गरेका छन्। यसैले गर्दा मूल्य वृद्धिलगायत साना र मझौला उद्योगहरू समस्याग्रस्त हुँदै जाने यो अवस्थामा निजी सार्वजानिक साझेदारी बाञ्छनीय छ भन्ने मलाई लाग्छ", राष्ट्रपतिले बताउनुभएको विज्ञप्तिमा उल्लेख छ।

उहाँले नेपालमा रोजगारी सृजना गर्न र देशको अर्थतन्त्र सुधार्न सबैको ध्यान जानुपर्नेमा जोड दिँदै केही दिन अगाडि आफूले बोलाएको सर्वदलीय बैठकमा समेत अर्थतन्त्र सुधारका लागि सबैको ध्यानाकर्षण गराएको बताउनुभयो।

त्यस अवसरमा नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालले मुलुकको अर्थतन्त्रका केही सूचकहरू सकारात्मक रहे पनि आम नागरिक र व्यवसायीहरूको आत्मविश्वास बढाएर अर्थतन्त्रलाई चलायमान बनाउनेतर्फ सरोकारवालाले ध्यान जानुपर्ने बताउनुभयो।

भेटका अवसरमा अध्यक्ष ढकालले निजी क्षेत्र र सर्वसाधारणको मनोबल घटेको अहिलेको अवस्थामा बजारमा माग सिर्जना गर्न सरकार, केन्द्रीय बैंक र निजी क्षेत्रले एक आपसमा सहकार्य गर्नुपर्ने बताउनुभयो।

सरकारले पूँजीगत खर्च गर्न नसकेको र बैंक वित्तीय संस्थाहरुबाट पनि कर्जा प्रवाह हुन नसकेको अवस्थामा बजारमा मागको कमी आएको र यस्तो अवस्थामा पूँजीको लागत कम गरी लगानी बढाउन निजी क्षेत्रलाई हौसला आवश्यक रहेको धारणा अध्यक्ष ढकालको थियो।

अध्यक्ष ढकालका अनुसार व्यवसाय सत प्रतिशत चल्न सक्ने आधारमा राजश्वको लक्ष्य राखिएको हुन्छ तर व्यवसाय दुई तिहाइ खुम्चिँदा करिब पाँच दशकपछि अघिल्लो वर्षभन्दा कम राजश्व सङ्कलन भएको छ। "यससँगै सरकारी लक्ष्यभन्दा छ प्रतिशत विन्दुले कम आर्थिक वृद्धि हासिल भएको छ। त्यसैले पूँजीको लागत घटाई बजारमा रकम प्रवाह गर्नुपर्दछ", उहाँले भन्नुभयो।

यसैगरि अध्यक्ष ढकालले निर्यात प्रवर्द्धन, वैदेशिक लगानी आकर्षण गर्न र पर्यटन प्रवर्द्धनमा विशेष पहल आवश्यक रहेको बताउनुभयो।

महासल संघका पदाधिकारी लगायत कार्यकारिणी समितिले राष्ट्रपति समक्ष भेट गरेको हो। सो अवसरमा महासङ्घका वरिष्ठ उपाध्यक्ष अञ्जन श्रेष्ठले अर्थतन्त्रको सुधारका लागि सबै क्षेत्रबाट पहल आवश्यक रहेको बताउनुभयो। उपाध्यक्ष हेमराज ढकालले यसपटक आर्थिक मन्दीका कारण सबै क्षेत्र प्रभावित रहेकोले तत्काल सुधार आवश्यक रहेको बताउनुभयो।

## एक सय पाँच वर्षीया वृद्धाको जोर्नी प्रत्यारोपण

चितवन, ७ भदौ (रासस)।

भरतपुर अस्पतालमा एक सय पाँच वर्षीया वृद्धाको शल्यक्रिया गरी जोर्नी प्रत्यारोपण गरिएको छ। हिपको हड्डी भाँचिएर अस्पताल आउनुभएकी गोरखाकी गङ्गा गुरुङको सफल शल्यक्रिया गरिएको हो।

अस्पतालका जोर्नी प्रत्यारोपण विशेषज्ञ डा मनोज कँडेलका अनुसार भदौ ३ गते अस्पताल भर्ना हुनुभएकी उहाँको भदौ ५ गते जोर्नी प्रत्यारोपण गरिएको हो। हाल गुरुङको स्वास्थ्य अवस्था सामान्य रहेको उहाँले बताउनुभयो।

एनेस्थेसिया (शल्यक्रिया गर्दा बेहोस बनाउने काम) र शल्यक्रियाका हिसाबले चुनौतीपूर्ण रहे पनि सफलतापूर्ण शल्यक्रिया गरिएको डा कँडेलले बताउनुभयो। उहाँका हनुसार बिरामीको हिपको गेडी परिवर्तन गरिएको छ। गुरुङलाई अस्पतालको हाडजोर्नी विभागमा चिकित्सकको प्रत्यक्ष निगरानीमा राखी उपचार भइरहेको डा कँडेलले जानकारी दिनुभयो।

उहाँले भन्नुभयो, "उहाँ हिँड्न थाल्नुभएको छ। बिस्तारै निको हुने विश्वास हामीले लिएका छौँ।" सबैभन्दा धेरै उमेरमा सफल शल्यक्रिया गरिएको अस्पतालको यो पहिलो घटना भएको उहाँले दाबी गर्नुभयो।

## विभिन्न विपद्को समयमा सतर्क रहौं

**चट्याङको समयमा**

१. बिजुली चम्केको बेला सतर्क रहने।
२. बिद्युतीय तरंग टिप्न सक्ने फलाम, चिसो बस्तु नछुने।
३. बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने।
४. सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुख्खा ठाउँमा बस्ने।
५. खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने।
६. सकभर अग्लो स्थानमा बस्ने।
७. धातुको ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने।

**भुकम्पको समयमा**

१. भुकम्प आएको बेला सतर्क रहने।
२. घरबाहिरको सुरक्षित स्थानमा पुग्न नभ्याइने हुनसक्छ। तुरुन्तै खाट, टेबुल, ढोकामुनी तथा घरभित्रकै अन्य सुरक्षित स्थानमा बस्ने।
३. अग्ला र कमजोर घर बिजुलीका खम्बा, ट्रान्सफर्मर, रुख तथा अन्य संरचनाहरु ढल्न सक्ने हुँदा त्यसबाट बच्ने।
४. भुईचालो थामिए पनि फेरि दोहरीन सक्ने हुँदा परिवारका सदस्य, मुल्यवान बस्तु संकटकालिन झोला आदी लिएर सुरक्षित स्थानमा निस्कने र उद्दार कार्यमा जुट्ने।
५. उपचारको ब्यवस्था तत्कालिन राहत तथा उद्दार कार्यमा थप सहयोगका लागि भुईचालोबाट क्षतिको सम्बन्धीत निकायमा तुरुन्त खबर गर्ने।

**आगलागिको समयमा**

१. आगलागिको बेला सतर्क रहने।
२ आगलागि नियन्त्रणको लागि घर बनाउँदा, बिद्युतीय वायरिङ गर्दा, भान्सा बनाउँदा, ग्यास, सलाई लाइटर चलाउँदा, चुरोट तान्दा, धुपबत्ति बाल्दा ध्यान पुऱ्याउने।
३. आगलागि नियन्त्रणको लागि चाहिने अग्निसमय Fire Extinguisher लगायतका आवश्यक संसाधनहरु तयारी अवस्थामा राख्ने।
४. भवन वा अन्य भौतिक संरचना निर्माणमा उपयुक्त स्थलगत योजना तयार गरी गुणस्तरीय निर्माण सामाग्रिको प्रयोग गर्ने।
५.आगलागिका सम्भावित क्षेत्रमा क्षति न्युनिकरण गर्नको लागि जोखिम क्षेत्रको नक्साङकन गरी सामाजिक जनचैतना अभिबृद्धि गर्ने।

**आकस्मिक सम्पर्क नम्बर : जिल्ला आपतकालिन कार्य संचालन केन्द्र सप्तरी -०३१५३३७६२**

**जनहीतका लागि जारि सन्देश : राजविराज दैनिक**

# विश्व समाचार

## वाग्नर प्रमुखसहित दश जनाको शव फेला

मस्को, ७ भदौ (रासस/एएफपी)।

दुर्घटनाग्रस्त एम्ब्रेर लिगेसी जेटमा रहेका वाग्नर प्रमुख येभगेनी प्रिगोजिनसहित सबै १० यात्रुको शव फेला परेको रुसी आपत्कालीन सेवाले बिहीबार जनाएको छ। प्रिगोजिनको मृत्युको खबर सुनेपछि धेरै रुसी अचम्ममा परेका थिए। प्रिगोजिनले दुई महिना अघि असफल बिद्रोह सुरु गरेर राष्ट्रपति भ्लादिमिर पुटिनलाई चुनौती दिएका थिए। प्रिगोजनसमेत सवार उक्त जेट समस्याका कुनै सङ्केत नै नदेखाइ अचानक खसेको फ्लाइट ट्र्याकिङ डेटामा देखिन्छ। त्यसपछि करिब ३० सेकेन्डमा उक्त जेट २८ हजार फिटको उचाइबाट ८ हजार फिटभन्दा तल खसेको थियो।

नागरिक उड्डयन प्राधिकरणका अधिकारीका अनुसार उनीहरूको ध्यान अहिले दुर्घटनाको कारण पत्ता लगाउनेतर्फ केन्द्रित भएको छ। प्राधिकरणले दुर्घटना अनुसन्धान गर्न विशेष आयोग गठन गरेको छ। प्रहरीले दुर्घटनास्थल वरपरको क्षेत्रलाई 'सिल' गरेको छ।

## मधुशालामा गोली चल्दा चार जनाको मृत्यु

लस एञ्जलस, ७ भदौ (रासस/एएफपी)।

अमेरिकाको क्यालिफोर्निया राज्यको एक मधुशालामा एक जना बन्दुकधारीले अन्धाधुन्ध गोली चलाउँदा तीन जनाको मृत्यु हुनका साथै अन्य ६ जना घाइते भएका प्रहरीले जनाएको छ। घटनामा गोली चलाउनेको पनि मृत्यु भएको छ। गोलीहानाहान भएका बेला सरकारी अधिकारी पनि भएकाले आक्रमणकारी पनि मारिएको बताइएको छ। घटनामा कुनै पनि सरकारी अधिकारी घाइते भएका छैनन्।

"घटनास्थलमा चार जनाको मृत्यु भएको पुष्टि भएको छ, गोली हान्ने व्यक्ति पनि मारिएको छ। घाइते छ जनालाई अस्पतालमा लगिएको छ," ओरेन्ज काउन्टीका शेरिफले सामाजिक सञ्जालमा भनेका छन्। स्रोतलाई उद्धृत गर्दै ओरेन्ज काउन्टीले घरायसी बिवादका कारण घटना भएको बताएको छ। वारुणयन्त्र बिभागका वरिष्ठ अधिकारी ब्रायन फेनेसीले घाइतेमध्ये दुई जनाको अवस्था गम्भीर रहेको बताएका छन्।

बन्दुक हिंसाबाट संयुक्त राज्य अमेरिका आक्रान्त भएको छ। बन्दुक आक्रमणमा परी यो देशमा हरेक वर्ष हजारौँले ज्यान गुमाउँदै आएका छन्। बिहीबारको गोलीकाण्ड लस एन्जलसबाट करिब ७० किलोमिटर दक्षिणपूर्वमा रहेको कुकस कर्नर बारमा भएको हो। यो स्थान 'बाइकर'हरूको लागि लोकप्रिय मानिन्छ।

आक्रमणकारी कानुन कार्यान्वयन गर्ने पूर्वअधिकारी भएको अनुमान गरिएको छ। घटनास्थलबाट एउटा हतियार पनि बरामद गरिएको छ। अमेरिकामा गोलीकाण्डका घटना नियमितरुपमा हुने गरेका छन्भने सञ्चारमाध्यममा बन्दुक हिंसाका समाचार प्रमुख शीर्षक बन्ने गरेका छन्। यो महिनाको पहिलो दिनसम्मको तथ्याङ्कअनुसार यो वर्ष २५ हजार एक सय ९८ जनाले ज्यान गुमाएका छन्। बन्दुक हिंसाको अभिलेख राख्ने संस्था गन भइलेन्स आर्काइभले सरदर दैनिक एक सय १८ जना मारिने गरेको जनाएको छ। सात महिनाको यो अवधिमा आठ सय७९ किशोर र एक सय ७० बालबालिकाको मृत्यु भएको छ।

## ब्रिक्समा ६ सदस्य थपिए

जोहानेसबर्ग, ७ भदौ (रासस/एएफपी)।

ब्राजिल, रुस, भारत, चीन र दक्षिण अफ्रिका सदस्य रहेको उदीयमान राष्ट्रको सङ्गठन ब्रिक्समा छ सदस्य थपिएका छन्। दक्षिण अफ्रिकाका राष्ट्रपति सिरिल रामाफोसाले बिहीबार यहाँ नयाँ सदस्य थपिएको घोषणा गर्नुभएको हो। नयाँ सदस्य अब जनवरी १ देखि सङ्गठनमा आबद्ध हुनेछन्। "हामीले गणतन्त्र अर्जेन्टिना, अरब गणतन्त्र इजिप्ट, सङ्घीय लोकतान्त्रिक गणतन्त्र इथियोपिया, इस्लामिक गणतन्त्र इरान, साउदी अरब र संयुक्त अरब इमिरेट्सलाई ब्रिक्सको पूर्णसदस्य बन्न आमन्त्रित गर्ने निर्णय गरेका छौँ," राष्ट्रपति रामाफोसाले घोषणा गर्नुभएको छ।

## पत्रकार थुन्ने म्याद बढाएकामा मस्कोको निन्दा

बर्लिन, ७ भदौ (रासस/एएफपी)।

जर्मनीले वाल स्टिट जर्नलका पत्रकार इभान गेर्शकोबिचलाई तीन महिना हिरासतमा राख्ने रुसी अदालतको निर्णयको निन्दा गरेको छ। विदेशमन्त्री एनालेना बेरबकले मस्कोको यो निर्णयलाई 'क्रुर' प्रणालीको उदाहरण भएको बताउँदै उनलाई निःशर्त थुनामुक्त गर्न माग गर्नुभएको छ। पत्रकार गेर्शकोबिचलाई जासुसीको आरोपमा गत मार्चमा पक्राउ गरिएको थियो। उनले आफूमाथि लगाइएको आरोपको खण्डन गरेका छन्। मस्कोस्थित कारागारमा उनलाई राखिएको छ। उनीमाथि लगाइएको अभियोगमा बिहीबार भएको सुनुवाइका बेला अदालतमा कुनै पनि पत्रकारलाई प्रवेश दिइएको थिएन। रुसले उनीमाथि लगाइएका आरोपको कुनै प्रमाण दिएको छैन। यसैबीच, अमेरिकी राष्ट्रपति जो बाइडेनले पत्रकार गेर्शकोबिचलाई बिना शर्त तत्काल रिहा गर्न माग गर्नुभएको छ।

# घट्यो वैदेशिक व्यापार

काठमाडौँ, ७ भदौ (रासस)।

चालु आर्थिक वर्षको पहिलो महिनामा मुलुकको वैदेशिक व्यापार दुई दशमलव २८ प्रतिशतले घटेको छ।

गत आवको पहिलो महिनामा रु एक खर्ब ४६ अर्ब नौ करोड ५७ लाख ६६ हजार रहेको वैदेशिक व्यापार यस वर्षको साउनमा रु एक खर्ब ४२ अर्ब ७६ करोड ७६ लाख २७ हजार कायम भएको छ। भन्सार विभागले सार्वजनिक गरेको चालु आवको पहिलो महिनाको तथ्याङ्कअनुसार गत वर्षको साउनको तुलनामा चालु आवको सोही अवधिमा आयात एक दशमलव ५६ प्रतिशतले घटेर रु एक खर्ब २९ अर्ब २३ करोड ८९ लाख ७१ हजार पुगेको छ। गत आवको पहिलो महिनामा रु एक खर्ब ३१ अर्ब २८ करोड ६० लाख ६६ हजारको आयात भएको थियो। तथ्याङ्कानुसार साउनमा वैदेशिक व्यापारमा आयातको अनुपात ९० दशमलव ५२ प्रतिशत रहेको छ।

त्यस्तै सार्वजनिक विवरणअनुसार गत आवको पहिलो महिनाको तुलनामा यस आवको सोही अवधिमा निर्यात आठ दशमलव ६५ प्रतिशतले घटेको छ। गत आवको सुरुको महिनामा रु १४ अर्ब ८० करोड ९७ लाखको निर्यात भएकोमा चालु आवको समीक्षा अवधिमा रु १३ अर्ब ५२ करोड ८६ लाख ५६ हजारको निर्यात भएको छ। विभागका अनुसार यो अवधिमा कूल वैदेशिक व्यापारमा निर्यातको अनुपात नौ दशमलव ४८ प्रतिशत रहेको छ।

**एक खर्ब १५ अर्बको व्यापार घाटा**

विभागका अनुसार चालु आवको पहिलो महिनामा मुलुकको व्यापार घाटा शून्य दशमलव ६६ प्रतिशतले घटेर रु एक खर्ब १५ अर्ब ७१ करोड तीन लाख १५ हजार कायम भएको छ। गत आवको पहिलो महिनामा व्यापार घाटा रु एक खर्ब १६ अर्ब ४७ करोड ६३ लाख ६५ हजार थियो।

**आयातमा सबैभन्दा बढी डिजेल**

मुलुकको वैदेशिक व्यापारमा मूख्यरूपमा प्रभाव पार्ने पेट्रोलियम पदार्थ नै यस अवधिमा समेत प्रमुख आयात हुने वस्तुमा परेको छ। विभागको तथ्याङ्कानुसार एक महिनामा रु सात अर्ब ३४ करोड ७१ लाख २५ हजार बराबरको डिजेल आयात भएको छ। यो आयातमध्यकै बढी हो। त्यस्तै यस अवधिमा रु पाँच अर्ब ४४ करोड ७० लाख ७६ हजारको पेट्रोल आयात भएको तथ्याङ्कमा उल्लेख छ।

**निर्यातमा सबैभन्दा बढी अलैँची**

नेपालबाट निर्यात भएको वस्तुमध्ये गत एक पहिनामा अलैँची सबैभन्दा धेरै देखिएको छ। विभागका अनुसार नेपालबाट रु ९६ करोड ४६ लाख छ हजारको अलैँची निर्यात भएको छ। त्यस्तै चालु आवको पहिलो महिनामा रु ९५ करोड ६६ लाख ३९ हजार बराबरको उनीको गलैँचा तथा कार्पेट निर्यात भएको विभागको तथ्याङ्क छ।

# जसपाले नयाँ विधानअनुरुप विभाग गठन गर्ने

काठमाडौँ, ७ भदौ (रासस)।

जनता समाजवादी पार्टी, (जसपा) नेपालले नयाँ विधानअनुरुप आफ्ना विभाग तथा सङ्गठनहरु गठन तथा पुनर्गठन गर्ने भएको छ। यही भदौ मसान्तभित्रै नयाँ विधानअनुरुप प्रदेश समिति र राष्ट्रिय समितिहरु गठन र पुनर्गठन गरिने भएको सो पार्टीका प्रचारप्रसार तथा प्रकाशन विभाग प्रमुख पूर्ण बस्नेतले विज्ञप्तिमार्फत जानकारी दिनुभएको छ।

उहाँले जिल्ला/विशेष जिल्ला समन्वय समितिलाई पनि यथाशीघ्र विधानबमोजिम जिल्ला समितिमा रुपान्तरण वा पुनर्गठन गर्नुपर्ने भनी आन्तरिक परिपत्र जारी गरिएको छ र सोहीबमोजिम पार्टीले सङगठनको अभिलेख अद्यावधिक गर्न लागेको जानकारी दिनुभयो।

पार्टीले आगामी कात्तिक मसान्तभित्र नामावली सहितको साङ्गठनिक विवरण पठाउन पार्टी सङ्गठन र समितिलाई निर्देशन दिएको पनि सो विज्ञप्तिमा उल्लेख गरिएको छ। सदस्यता अद्यावधिक गर्दा तोकिएको सदस्यता शुल्क बुझाएको हुनुपर्नेगरी निर्देशन जारी गरिएको पनि प्रचारप्रसार तथा प्रकाशन विभाग प्रमुख बस्नेतले बताउनुभयो।

# दश हजार घुससहित नापीका अमिन पक्राउ

सिरहा, ७ भदौ (रासस)।

सिरहाको लहानस्थित नापी कार्यालयका अमिन दीपरञ्जन यादव रु दश हजार घुस रकमसहित बुधबार दिउँसो पक्राउ परेका छन्।

अख्तियार दुरूपयोग अनुसन्धान आयोग बर्दिवासको टोलीले यादवलाई उक्त घुस रकमसहित कार्यकक्षबाटै पक्राउ गरेको हो। जग्गाधनी पुर्जा बनाउने क्रममा सेवाग्राहीसँग घुस माग गरेको भन्ने सूचनाका आधारमा अख्तियारले छापा मारी निज यादवले सेवाग्राहीबाट रु दश हजार लिइसकेको अवस्थामा उनलाई नियन्त्रणमा लिएको आयोगका प्रवक्ता भोला दाहालले एक विज्ञप्ति जारी गरी प्रष्ट पार्नुभएको छ।

घटनाबारे थप अनुसन्धान भइरहेको पनि उक्त विज्ञप्तिमा उल्लेख छ। केही समयअघि पनि अख्तियारले सडक डिभिजन कार्यालय लहानका लेखा अधिकृतलाई रु एक लाख घुससहित पक्राउ गरेको थियो।

# ट्रकको ठक्करबाट महिलाको मृत्यु

**दैनिक समाचारदाता**
**सर्लाही, ७ भदौ।**

रौतहटको चन्द्रपुर नगरपालिका १ स्थित पौराहीमा ट्रकको ठक्करबाट बिहीबार एक महिलाको मृत्यु भएको छ।

पूर्व-पश्चिम राजमार्गअन्तर्गत बागमती नगरपालिका १ स्थित पौराहीमा पश्चिमबाट पूर्वतर्फ हिँडेको ना६ख १५०० नम्बरको ट्रकले ठक्कर दिँदा चन्द्रपुर नगरपालिका १ का अन्दाजी ५५ वर्षीया विमला विमलीको घटनास्थलमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ।

प्रहरीका अनुसार ट्रकले ठक्कर दिएर स्थानीय विमलीको घटनास्थलमै मृत्यु भएपछि आक्रोशित स्थानीयले ट्रकमाथि तोडफोड गर्नुका साथै आगजनीसमेत गरेका छन्। श्रीमान श्रीमती बजार आएका बेला पौराही पुलमा बिमलीलाई पछाडिबाट ठक्कर दिँदा लडेपछि पुनः ट्रक ब्याक गरी किचेको पीडित परिवारको भनाइ छ।

ठक्कर दिने ट्रकका चालक इलाका प्रहरी कार्यालय हरिवनको नियन्त्रणमा रहेका प्रहरीले जनाएको छ।

# पाठेघरको मुखको क्यान्सर विरुद्धको खोप सञ्चालन गर्न गाभीसँग १७ लाख मात्र माग

काठमाडौँ, ७ भदौ (रासस)।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले १० देखि १४ वर्ष उमेर समूहका किशोरीहरूलाई पाठेघरको मुखको क्यान्सर विरुद्धको खोप अभियान सञ्चालन गर्ने भएको छ।

मन्त्रालयको परिवार कल्याण महाशाखाले यसै आर्थिक बर्षमा खोप अभियानका लागि भ्याक्सिन र खोपका लागि ग्लोबल एलायन्स 'गाभी' लाई औपचारिकरूपमा प्रस्ताव पेश गरी पाठेघरको मुखको क्यान्सरविरुद्ध खोप 'एचपिभी' माग गरेको हो। परिवार कल्याण महाशाखाका निर्देशक डा विवेककुमार लालले १० देखि १४ वर्ष उमेर समूहका किशोरीलाई पाठेघरको मुखको क्यान्सर विरुद्धको खोप 'एचपिभी' माग गर्दै गाभीलाई प्रस्ताव पेश गरिएको जानकारी गराउनुभयो।

"गाभीलाई हाम्रो यस कार्यक्रम मन पऱ्यो र नेपाललाई सहयोग गर्छु भनेपछि हामीले औपचारिकरूपमा खोप माग गर्दै प्रस्ताव पठाएका छौँ", उहाँले भन्नुभयो, "हाम्रो प्रस्तावलाई गाभीले स्वीकृत गरेर खोप पठायो भने हामी यही आर्थिक वर्षको अन्त्यसम्म खोप अभियान सञ्चालन गर्ने योजना रहेको छ।"

उहाँले खोप अभियानका लागि भने आफूहरूले पूर्वतयारी गर्ने जानकारी दिनुभयो। महाशाखाको बालस्वास्थ्य तथा खोप शाखाका प्रमुख डा अभियान गौतमले साउनको अन्तिम साता गाभीसँग १७ लाख मात्रा 'एचपिभी' खोपको प्रस्ताव गर्दै पत्र पठाइएको जानकारी दिनुभयो। दश देखि १४ वर्ष उमेर समूहका बालबालिकाको सङ्ख्या १६ लाख ५० हजार रहेको छ। "हामीले गाभीसँग खोपका लागि औपचारिकरूपमा पत्र पठाएका छौँ", उहाँले भन्नुभयो, "गाभीले हाम्रो पत्रलाई सकारात्मकरूपमा लिएको छ।"

यसअघि शाखाले दादुरा-रुबेला रोग विरुद्धको खोप अभियानका लागि पनि गाभीसँग ५७ लाख मात्रा खोप माग गर्दै पत्र पठाएको थियो। शाखाका प्रमुख डा गौतमले क्रमशः पाठेघरको मुखको क्यान्सर विरुद्धको खोपलाई प्रत्येक वर्ष अभियानका रूपमा सञ्चालन गरिने बताउनुभयो। उहाँका अनुसार हरेक वर्ष साढे तीन लाख १० वर्ष उमेर समूहका किशोरीलाई खोप लगाइने छ। "यसवर्ष हामीले गाभीबाट सहयोग प्राप्त गरे पनि प्रत्येक वर्ष नै लगाउने हाम्रो योजना छ", उहाँले भन्नुभयो, "खोपले महिलालाई पाठेघरको मुखको क्यान्सर हुनबाट बचाउन सहयोग गर्दछ।"

नेपालका महिलालाई लाग्ने क्यान्सरमध्ये पाठेघरको मुखको क्यान्सर सबैभन्दा बढी लाग्ने गर्दछ। विश्वमा भने महिलालाई सबभन्दा बढी स्तन क्यान्सर हुने गरेको छ। सन् २०२२ को तथ्याङ्कमध्ये दुई हजार दुई सय ४४ महिलालाई पाठेघरको मुखमा क्यान्सरमा लागेको थियो। शाखाका प्रमुख डा गौतमले पाठेघरको मुखको क्यान्सरविरुद्धको खोप एक मात्रा लगाउन मिल्ने खालको माग गरिएको पत्र पठाइएको बताउनुभयो।

यसअघि सरकारले सन् २०१६/१७ मा पाठेघरको मुखको क्यान्सर विरुद्धको खोप नमूनाकारूपमा चितवन र कास्कीमा सञ्चालन गरेको थियो। सो अवसरमा कास्कीमा १० हजार नौ सय ३६ र चितवनमा १४ हजार ३५ किशोरीलाई एचपिभी खोप प्रदान गरिएको थियो। अहिले केही निजी अस्पतालले किशोरीलाई उक्त खोप रु पाँचदेखि छ हजार तिरेर लगाइने दिने गर्दछन्।

सरकारले गत असारमा पाठेघरको मुखको क्यान्सरविरुद्ध ल्याएको २० हजार मात्रा एचपिभी खोप नीतिगत निर्णय नभएकाले अहिलेसम्म लगाएको छैन। पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानका क्यान्सर रोग विशेषज्ञ डा अरुण शाही 'ह्युमन प्यापिलोमा भाइरस' को कारणले पाठेघरको मुखमा क्यान्सर हुने गरेको बताउनुहुन्छ। उहाँका अनुसार उक्त भाइरसको कारणले ९९ प्रतिशत र असुरक्षित यौन सम्पर्क, धुम्रपान र सानै उमेरमा विवाह गर्ने जस्ता कारणले एक प्रतिशतलाई पाठेघरको मुखमा क्यान्सर हुने गर्दछ।

दुई सय प्रजातिका 'ह्युमन प्यापिलोमा भाइरस' मध्ये १६ र १८ प्रजातिको भाइरसले बढी सङ्क्रामक हुने गरेको र उक्त प्रजातिका भाइरसले महिलाको पाठेघरको मुखमा क्यान्सर गराउने उहाँको भनाइ छ। क्यान्सर रोग विशेषज्ञ डा शाहीले नेपालमा सबैभन्दा बढी महिलालाई पाठेघरको मुखमा क्यान्सर हुने गरेको उल्लेख गर्दै विश्व स्वास्थ्य सङ्गठनको (डब्लुएचओ) को तथ्याङ्कअनुसार हरेक दिन नेपालमा छ महिलाको पाठेघरको मुखको क्यान्सरले मृत्यु हुने गरेको बताउनुहुन्छ।

"नेपालमा हरेक दिन छ जनाको यसै क्यान्सरको कारणले मृत्यु हुने गरेको छ। अझ यस क्यान्सरबाट दुर्गम क्षेत्रका महिला बढी नै रहेका छन्", उहाँले भन्नुभयो, "यो क्यान्सरबाट बचाउनका लागि खोप नै आवश्यक पर्दछ।" उहाँ असुरक्षित यौन सम्पर्क, सानै उमेरमा विवाह गर्ने, धेरै चुरोट खाने महिलामा पाठेघरको मुखमा क्यान्सर लाग्ने जोखिम हुने गरेको बताउनुहुन्छ।


डा. कालीप्रसाद यादव
MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
डा. रिपला आचार्य
MBBS, MD (BPKIHS) NMC NO. 19992
छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ
डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी
यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ।
सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी
हनुमाननगर रोड, राजविराज, ९८११७२१५२६, ९८१७७८११८७



बाढी/पहिरोबाट सतर्क रहौं।
– गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं
– जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं।
– घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं।
– नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं।
– भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं।
– भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं। भु–क्षयबाट बचौं र बचाऔं।
जनहीतका लागि : राजविराज दैनिक


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*